# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या ५ मितिः २०७७/०४/०९

## भाग–२

### भरतपुर महानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ (संशोधन थप)

# भरतपुर महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

भरतपुर, चितवन

बागमती प्रदेश, नपाल

# भरतपुर महानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ (संशोधन थप)

<u>प्रमाणीकरण</u>

मितिः२०७७/०४/०९

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

# भरतपुर महानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ (संशोधन थप)

प्रमाणिकरण मिति: २०७७/०४/०९

सहकारी ऐन, २०७५ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ मा नगर कार्यपालिकाको ४५ औँ बैठकबाट स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुने गरी देहायको दफा ४१ थप गरीएको छ।

४१. सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्ने सम्बन्धमा

१) बचत तथा ऋणाको मूख्य कारोवार गर्ने सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई सहजरूपमा सेवा प्रदान गर्ने उद्देश्यले एउटै वडामा संस्थाको कार्यालय नदोहोरिने गरी सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गरी सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृत बाट अनुमति लिनुपर्ने छ।

२) उपदफा १) बमोजिम अनुमति लिंदा देहाय बमोजिमका प्रक्रिया पुरा गर्नु पर्ने छ।

क) साधारणसभाबाट स्थान सहित स्पष्ट निर्णय भएको हुनु पर्ने,

ख) संस्थाको कुल सदस्य संख्याको पहिलो एक हजार पछिको प्रत्यक पाँचसयमा एकवटाको दरले सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय खोल्न सकिनेछ,

ग) संस्थाको शेयर पूंजी कम्तिमा एककरोड पचासलाख हुनुपर्ने छ,

घ) पछिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदनमा संस्था नाफामा देखिएको हुनुपर्ने छ।

३) उपदफा २(ख) बमोजिमको सदस्य संख्या र उपदफा २(ग) बमोजिमको शेयर पूंजी लेखापरीक्षण प्रतिवेदन वा दर्तावाला लेखापरिक्षकबाट प्रमाणित भएको हुनुपर्ने।

४) उपदफा २ बमोजिम प्रक्रिया पुरा गरी उपदफा १ बमोजिमको अनुमति लिन देहाय बमोजिमका कागजातहरू पेश गर्नुपर्ने छ।

क) अनुमति माग गरिएको संस्थाको पत्र,

ख) साधारणसभाको निर्णय प्रतिलिपि,

ग) पछिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि,

घ) कर र व्यवसाय कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

ङ) सदस्य सेवा केन्द्र वा सम्पर्क कार्यालय सञ्चालन हुने वडा कार्यालयको सिफारिस।

५) यस दफामा अन्यत्र जे सुकै लेखिएको भएता पनि सहकारी संस्था दर्ता निर्देशिका, २०७५ बमोजिम एकीकरण हुने संस्थाको सेवाकेन्द्र स्वीकृति सोहि निर्देशिकाको १३.ग.१२.ख मा उल्लेख भए बमोजिम हुने छ।

प्रमुख